# आदिवासी जनजाति: लार्के

**सिमान्तिकृत समूह**

संस्थाः लार्के समाज कल्याण केन्द्र, कुलेश्वर, काठमाडौ ।

गोरखा जिल्लाको उत्तर हिमाली भेगमा पर्ने हिमचुली, मनास्लु र गणेश हिमालको बिचमा रहेको लार्के क्षेत्रमा भोटे लामा जातिहरु सयौं वर्ष देखि बसोबास गर्दै आइरहेका छन । त्यहाँबाट गोरखा सदरमुकाम आइपुग्न ७ दिन पैदल हिड्नु पर्दछ भने तिब्बतको भु-भाग पुग्न ३ दिन पैदल यात्रा लाग्दछ । त्यहाँको सबैभन्दा माथिल्लो भेगमा लार्के पास (५१०० मिटर उचाई) भन्ने ठाउँ छ । मनाङ जिल्ला सँगै जोडिएको सामा गाउँ विकासमा पर्ने यो लार्के पासको नाउँबाट त्यहाँ बसोबास गर्ने मानिसहरुलाई लार्के भन्ने गरेको पाइन्छ ।यस सामा गाउँ क्षेत्रमा मनोरम दृश्यहरु लार्के पास, विरेन्द्र ताल, काल ताल, मनास्लु हिमाल र थुप्रै गुम्बाहरु छ । लामा भोटे भाषामा 'ल्हा' भनेको उकालो बाटो भन्ने अर्थ लाग्दछ । सामा, ल्हो प्रोक र विही गाविसमा बस्ने मानिसहरुलाई नुप्री भनेर चिनिन्छ । नुप्री भनेको लामा भोटे भाषामा 'पश्चिम दिशा' हो र नुपबाट नुप्री भएको मानिन्छ । श्यार खोलाको पश्चिम बस्नेहरुलाई (लार्के) नुप्री भन्ने गरिन्छ । यिनीहरु बोल्ने भाषालाई लार्के के भाषा भनिन्छ । यो लार्के (नुप्री) समुदायले बोल्ने भाषा लामा भोटे भाषा तिबेटो-बर्मन परिवारको भाषा हो ।

किम्बदन्ती अनुसार लार्के (नुप्री) क्षेत्र हजारौ वर्ष पहिले तिब्बत कै भु-भाग थियो । यधपी लाङदारमा नामको तिब्बती अन्तिम बादशाहको हत्या पछी उसका सन्तान भागेर पश्रिमतिर लागे। उनका कान्छो छोरा डारी भन्ने ठाउँमा आएर बसे भने जेठो छोरा गुन्थाङलाई राजधानी बनाएर बसे । नुप्री त्यही बेला देखि गुन्थाङ राज्यको एउटा भाग थियो । यो राज्य सन् १६२० सम्म अस्तित्वमा थियो । त्यस पछी जोङ्गा जिल्ला अन्तर्गत रहयो ।

यहाँका मानिसहरुले बाक्लो र न्यानो लुगा छ्युवा 'बक्खु' लगाउने गर्दछन । घरको निर्माण गर्दा ढुङ्गा, माटो र काठको प्रयोग गर्दछन ।घरको माथि धज्यू "ध्वजा" राखेको हुनु पर्दछ । अति दुर्गम हिमाली भु-भागको पठारमा खेती योग्य जमीनको अभावमा थोरै अन्न उत्पादन हुने हुँदा यिनीहरुको जीविकोपार्जन कठिन अवस्थाको छ ।

।नेपालको दुर्गम हिमाली क्षेत्र भएको हुनाले त्यहाँ पातलो बसोबास भएको पाइन्छ ।वि.सं.२०५८ को जनगणना अनुसार लार्के जातिको कूल जनसंख्या ९,००० रहेको छ । यिनका पिता पूर्खाहरु धेरै वर्ष अगाडी उत्तर तिब्बतबाट आई त्यस क्षेत्रमा बसोबास गरेको हुँदा उनीहरु यस क्षेत्रलाई मुख्य केन्द्रको रुपमा मान्दछन् ।

लार्के (नुप्री) जातिको हिमाल, पहाड, अग्लो भु-भाग, गुम्बा, छोर्तेन, 'माने' वनजंगल, चरन, ताल, पोखरी र खोलानालासँग ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्बन्ध रहेको हुन्छ ।यिनीहरु बसोबास गर्ने क्षेत्रको नामाकरण नुप्री जातिको भाषामा नै रहेको पाइन्छ । त्यहाँ चौरी पाल्नु, याक, घोडा, खच्चरमा सामान ओसार पसार गर्नु, काठ काट्नु, ढुंगामा बुट्टा कुँदनु, छोर्तेन, गुम्बा, माने निर्माण गर्नु, ढुंगा माटोको घर बनाउनु यिनीहरुको जीवनयापनका क्रियाकलापहरु हुन।

लार्के (नुप्र) जातिको मुख्य पेशा निर्वाहमुखी खेती, पशुपालन, र ब्यापार रहेका छन् । यस बाहेक पर्यटन, साना उधोग ब्यवसाय (राडापाखी बुन्ने, ढुङ्गा काठमा बुट्टा कुदने, चोयाको वस्तु बुन्ने, घरेलु रक्सी बनाउने) साथै विशेष गरी विभिन्न नाका र भञ्याङहरुमा ब्यापार ब्यवसायका लागी होटल, लजहरु सञ्चालन गरी बस्ने गरेको पनि पाइन्छ ।

शारिरीक रुपले बलिया, चौडा छाती र फुर्तिला ह्ृष्टपुष्ट देखिने कडा परिश्रम गर्ने यी जातिको मौलिक विशेषता हो ।

लार्के (नुप्री) जातिहरु प्राचीनकालमा परम्परागत बोन (वनझाँक्री) धर्म संस्कृति अपनाइएको भन्ने भनाई छ । वोन धर्म संञ्चालन गर्नमा शुरुमा फचिचेङदोक भन्ने ब्यक्ति नै थियो । उनको मृत्यु पश्चात उनकै सन्तानहरु नै आज ४ वटै गाविसका वासिन्दाहरु हुन् भन्ने भनाइ छ ।

हालमा लार्के (नुप्री) समुदायका मानिसहरु बौद्ध धर्म अन्तर्गत बज्रयान भित्रको डिङमापा सम्प्रदाय अन्तर्गत पर्दछन यिनीहरु बौद्ध धर्ममा आस्था राखे 'माने', छोर्तेन र गुम्बामा पुजापाठ गर्ने गर्दछन ।। यिनीहरु बौद्ध परम्परा अनुसार चिर्वा हेरेर मात्र कुन कार्यको थालनी गर्ने परम्परा रहेको छ । बौद्ध शिक्षालाई नै यिनीहरु आफ्नो परम्परागत शिक्षा मान्दछन् ।यिनीहरु सम्बोटा लिपिमा बौद्ध गुम्बाहरुमा शिक्षा लिने गरेको पाइन्छ । यिनीहरु बुद्ध धर्मसँग सम्बन्धित पूजापाठहरु दुम्जी, छवाच्यू, डुक्पाछेसी, छयोकोर, डुप्छेन र ङ्यूङ्ने आदि गर्दछन् ।यिनीहरु समग्रमा विशेष गरी किमोलुङलाई ठूलो तिर्थस्थलको रुपमा मान्ने गर्दछन् भने किमोलुङको १०८ चेला मध्ये सामागाउँको ज्योकताफलाई हयूल अर्थात मुख्य देवताको प्रतिक मान्दछन् ।यस जातिका कूल जातिको झण्डै ३०% जति मानिसहरु गुम्बा शिक्षा अध्ययन गरी भिक्षु भिक्षुणी (लामा, ढावा र आनी) बनेका छन् ।

लार्केहरुको उपथरहरुमा ङाप्दक, हेर्कुङ, पेञ्जाङ र चुङमेन हुन् । यिनै उपथरहरु भित्र उनीहरु बिहेवारी चल्दछ । यिनीहरु आफ्नो समुदाय भन्दा बाहिरीया सँग अन्तरजातिय वैवाहिक सम्बन्धलाई मान्यता दिदैनन् । लार्के (नुप्री) वासी भोटे लामाहरुमा कुन छोराको विवाह गर्ने र कुन छोरालाई गुम्बामा पठाउने भन्ने सम्बन्धमा अभिभावकले नै निर्णय गर्ने चलन छ ।

लार्के (नुप्री) जातिहरुको आफ्नै परम्परा पद्धतिको आम्चीहरुद्वारा उपचार गर्ने, धामी, झाँक्री, लामा र तन्त्रमन्त्रमा विश्वास राख्दछन । यिनीहरुको कूलपुजा गर्दा कसैले लामा (खेन्पो) द्वारा गर्दछन भने कसैले झाँक्रीद्वारा गर्ने चलन छ ।

यिनीहरुमा बहुपति प्रथा कायमै राख्दै आएको पाइन्छ । यिनीहरुको आफ्नै किसिमको राजनीति, न्याय र प्रशासनिक प्रणाली अगाल्दै आइरहेको पाइन्छ ।सानातिना झै झगडा मुद्दा मामिलाहरु गाउँलेहरु मध्ये अगुवा वा मुख्य मानिस (ढङ्गिक), लामा (खेन्पो)ले मिलाइ दिने गर्दछन् ।

पहिरनः यिनीहरु पुरुष महिला दुवैले बख्खु नै लगाउँदछन् । यसमा वेशेष गरी बख्खु, आङतुम, पाङकेप, किटी पर्दछन । यी वस्त्र पहिरनहरु यनीहरु प्राय आफै तयार गर्दछन् ।

चाडवाडः लार्के (नुप्री) वासीहरुको मुख्य चाडहरु ल्होसार, दच्याङ (तीर हान्ने), मानछ्याङ, मनिनाटक र डुपछेन पुजा हुन् ।

लोक संस्कृतिः लार्के (नुप्री) समुदायमा लोक गीत, लोक कथा, उखान टुक्काहरु, हाँसो जस्ता परम्परागत साहित्यमा निक्कै अगाडी मानिन्छ । जस मध्ये लोकगीत, लोक नृत्यहरु स्याब्रु नाच, हयार्का नृत्य पर्दछन् । लोक बाजागाजाहरुमा डा (डम्फु), डामन्यिन र टुंना, लोङबु (मुरली), सेदुङ्ग (लामाले बजाउने सनाई जस्तै), गेलोङ (सनई), दुङ (ढ्याङ्ग्रो), डिल्वु (मुरली) आदी ।

लाक्पा शेर्पा (२०६८), "लार्के (नुप्री) जातिको चिनारी"